| | बार्षिक बजेट विनियोजनको खर्च | २० | ३ | जिल्ला विकास योजनाको स्वीकृत कुल विनियोजित बजेटको ९० प्रतिशत वा सो भन्दा बढी खर्च भएको | ✔ | | | आ.व. २०६९।७० मा गा.वि.स. अनुदान बाहेक रु. ३६,५८,८१,४२५। | |
| | | | | जिल्ला विकास योजनाका स्वीकृत कुल पुंजिगत बजेटको ८० प्रतिशत वा सो भन्दा बढी खर्च भएको | ✔ | | | | |

# नुवाकोट जिल्ला विकास समितिको कार्यालयको

**जिविसको आ.व. २०७०।७१ को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| र कार्यक्रम कार्यान्वयन | मापन तालिकाको दुवै कोष्ठको छ मा ठीक( ✔ ) चिन्ह लागेमा ३ अंक, कुनै एक कोष्ठमा छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | 3 | जिल्ला विकास योजनाको स्वीकृत कूल विनियोजित बजेट मध्य.रु ३४,४५,२५,२८४। अर्थात ९४.१६ प्रतिशत खर्च गरेको छ । कूल बजेट मध्ये गाबिस अनुदान बाहेक जिल्ला विकास योजनाको कूल पूजीगत बजेट रु १८,५३,९०,५८९। मध्ये रु १६,४५,१७,४४८। खर्च गरेको छ । पूँजिगतको बजेटको तुलनामा खर्च ८८.७४प्रतिशत गरेको छ । | बार्षिक कार्यक्रम र बजेट र आ.बि. । |
| | **लक्षित समूह विकास कार्यक्रमको खच** | २१ | ३ | गत आ.व. का लागि स्वीकृत लक्षित समूह विकास कार्यक्रममा विनियोजित रकमको ८० प्रतिशत वा सो भन्दा बढी खर्च भएको | | ✔ | 2 | आ.व. २०६९।७० मा महिला, बालबालिका तथा पिछडीएको वर्ग( आदिवासी, जनजाती, दलित, अपाङ्ग, जेष्ठ नागरिक आदि) को लागि क्रमश: रु.२१,००,०००। रु,२१,००,०००। र रु ३९,००,०००। गरी रु. ८१,००,०००। बजेट विनियोजीत गरेकोमा क्रमश: रु.१९,५८,५००। रु १७,५३,५००। र रु २४,९२,०००। समेत रु.६२,०४,०००। अर्थात् बजेटको ७६.५६ प्रतिशत खर्च गरेको छ ।यो खर्च महिला सामुदायिक पुर्वाधार,खानेपानी,स्वास्थ्य शिविर,वाल कल्याण समिति भवन,फर्निचर,गुँम्बा पून निर्माण,सुलभ शौचालय सामाग्री वितरण आदिमा भएको छ । | जिबियो र आ.बि. तथा अन्य निर्णयहरु । |
| | | | | गत आ.व. का लागि स्वीकृत लक्षित समूह विकास कार्यक्रमा विनियोजित रकमको ६० देखि ८० प्रतिशत सम्म खर्च भएको | ✔ | | | | |
| | मापन तालिकाको पहिलो कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३ अंक, दोश्रो कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **प्रशासनिक खच** | २२ | ३ | नियमले तोकेको सीमा भित्र रही प्रशासनिक कार्यमा खर्च गरेको | | ✔ | 0 | आ.व. २०६९।७० मा कर, शुल्क, विकी, दस्तुर भाडा बाट रु.१,८७,९८,५२५। यथार्थ आय संकलन गरेको छ । स्था.नि.आ.प्र. नियमावली, २०६४ नियम ५५ बमोजिम १ करोड रुपैंया भन्दा बढी आम्दानी हुने जि.वि.स. ले यथार्थ आयको अधिकतम २५ प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाइने व्यवस्था छ । सो बमोजिम प्रशासनिक कार्यमा रु.४६,९९,६३१। खर्च गर्न पाउने सीमा भएकोमा आन्तरीक आय तथा जि.वि.स अनुदान समेतबाट रु.३,००,१९,६५२। प्रशासनिक खर्च गरेको छ जुन कानूनी सीमा बाहिर गएको छ । राजश्व बाडफाडबाट प्राप्त रकम प्रशासनिक कार्यमा खर्च गरेको छैन । | बाँडफाँडको निर्णय र खर्चको बिबरण । |
| | | | | राजश्व बाँडफाँडबाट प्राप्त रकम प्रशासनिक कार्यमा खर्च नभएको | ✔ | | | | |
| | मापन तालिकाको दुवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **कृषि तथा पशु विकास कार्यक्रम र बजेट** | २३ | २ | जिल्लास्तरीय कृषि तथा पशु विकास सम्वन्धी नीति तर्जुमा गरी लागू गरेको | ✔ | | 2 | जिल्लास्तरीय कृषि तथा पशु विकास सम्बन्धी नीति मिति २०६८।११।२७ मा जिल्ला परिषदको बैठक बाट स्विकृत गरेको छ। परिषदमा पेश गर्नु अगावै जि वि समिति बोर्ड बाट स्विकृत गरि | जिबियो र अन्य निर्णयहरु । |
| | | | | जिविस कोषवाट कृषि तथा पशु विकास सम्वन्धी कार्यक्रममा गत आ.व.का लागि बजेट विनियोजन गरेको | ✔ | | | | |
| | | | | गत आ.व.को लागि विनियोजित बजेटको कम्तीमा ८० प्रतिशत खर्च गरेको | ✔ | | | | |

# नुवाकोट जिल्ला विकास समितिको कार्यालयको

**जिविसको आ.व. २०७०।७१ को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| बजेट निकासा, खर्च | नोट : विनियोजित वजेटवाट उल्लेखित क्षेत्रको विकासका लागि क्षेत्रगत योजना वा सहभागितात्मक योजना तर्जुमा प्रक्रियावाट माग भई आएको योजनालाई सम्वोधन गरिएको हुनपर्ने ।<br>मापन तालिकाको सबै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक , पहिलो र कुनै एक कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | 2 | सिफारिस गरेको देखिएन । आ.व. २०६९।७० मा कृषि तथा पशुसेवा कार्यक्रमको लागि रु.१,००,०००। बजेट व्यवस्था गरी रु ९०,०००। खर्च गरेको छ । | ...र अन्य निर्णयहरु । |
| | उपभोक्ता समिति गठन सम्वन्धी व्यवस्था | २४ | ३ | आयोजना कार्यान्वयनका लागि तपसिल बमोजिमका शर्त पुरा गरेका उपभोक्ता समितिसंग मात्र सम्झौता गरेको | ✔ | | 2 | उपभोक्ता समिति गठन बारेमा मिति ०६९।१२।२५ मा रुपरेखा साप्ताहिक अंक ३५ बर्ष ३१ बाट प्रकाशन र च.नं. १४१६ मिति ०६९।१२।२० को पत्रबाट उपभोक्ता समिति गठन बारेमा गाबिस सचिबलाई पत्राचार गरी जानकारी गराएको । जिबिसले तोकेको कर्मचारीको उपस्थिति सहित सम्बन्धित उपभोक्ताहरुको सहभागितामा समिति गठन गरेको आयोजना संख्या २०३ छन् र यी सबै आयोजनामा कार्यकारी पद सहित ३३ प्रतिसत महिलाको प्रतिनिधित्व रहने गरी समिति गठन भएको र सुपरिवेक्षण तथा अनुगमन समिति गठन भएको कुरा केही नमूना फाईलहरु अध्ययन बाट एकिन गरेको । सबै उपभोक्ता समितिसँग सम्झौता गरिने फाराममा यी सबै कुरा हुनुपर्ने गरी स्पष्ट गरेको छ । समितिका पदाधिकारीहरुलाई भने अभिमूखिकरण तालिम दिन सकेको पाईएन । | आयोजनाहरुको सम्झौता अभिलेखबाट । |
| | | | | • आयोजनाबाट लाभान्वित समूहको उपस्थितिको लागि जिविसले | | | | | |
| | | | | • जिविसले तोकेको कर्मचारीको उपस्थितिमा आयोजनास्थलमा नै | | | | | |
| | | | | • कार्यकारी पद सहित कम्तीमा ३३ प्रतिशत महिला सहभागिता भएको, | | | | | |
| | | | | • सुपरिवेक्षण तथा अनुगमन समिति गठन भएको | | | | | |
| | | | | आयोजना सम्झौता पश्चात र सञ्चालन पूर्व उपभोक्ता समितिलाई तालिम/अभिमुखीकरण गरेको | | ✔ | | | |
| | मापन तालिकाको दुवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३ अंक, पहिलो कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ र दोस्रो कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ अंक प्रदान गर्ने । | | | | | | | | |
| | खानेपानी तथा सरसफाई क्षेत्र व्यवस्थापन | २५ | २ | खानेपानी तथा सरसफाई स्वास्थ्य योजना (WASH Plan) तयार गरेको | ✔ | | 2 | मिति ०६९।११।१७ को परिषद्को समष्टिगत नीतिको बुदा नं. ५ मा उल्लेख भए बमोजिंम वास प्लान तयार भई स्वीकृत भएको । खाने पानी कार्यक्रमबाट १४,५०,०००। र जिबिसबाट रु ३,००,०००। बिनियोजन भई खर्च भएको र जिबिसको स्रोतबाट बिनियोजित रु ३ लाख सबै खर्च भएको छ । जिल्लामा कूल गाबिस संख्या ६१ मध्ये कुनैलाई पनि उक्त आ.ब. ०६९।७० मा खुल्ला दिसा मुक्त क्षेत्र नतोकेको तर ०६९।११।१७ को परिषद्को समष्टिगत नीति कार्यक्रमा भने सन् २०१७ सम्ममा सबै क्षेत्रमा लागु गर्ने भन्ने दफा पारित भएको छ । अत यसमा दिगोपना र निरन्तरताकोलागि बिशेष कार्यक्रम तय भएको पाईएन । | खाने पानी शाखाको अभिलेख अनुसार । |
| | | | | खानेपानी तथा सरसफाई कार्यक्रमको तोकिएको न्यूनतम बजेट र अन्य जिविस स्रोत समेतवाट सरसफाई क्षेत्रको लागि वजेट विनियोजन गरी खर्च गरेको | ✔ | | | | |
| | | | | खुल्ला दिशा मुक्त अभियान अन्तरगत प्रत्येक वर्ष न्यूनतम १० प्रतिशत गाविसलाई ODF घोषणा गरी निरन्तर सबै गाविस र नपालाई ODF घोषणाका लागि कार्ययोजना वनाएको | | ✔ | | | |
| | | | | ODF घोषणा भएका गाविस र नपाहरुमा कायक्रमको दिगोपना र निरन्तरताका लागि कायक्रम संचालन गरेको | | ✔ | | | |
| | मापन तालिकाको सबै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २, कुनै तीन कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| बजेट निकासा, खर्च र कार्यक्रम कार्यान्वयन कार्यक्षेत्रको जम्मा | | | | | | | 11 | उक्त कार्यक्षेत्रमा सफल भएको | |

# नुवाकोट जिल्ला विकास समितिको कार्यालयको

**जिविसको आ.व. २०७०।७१ को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

<table>
<tr><th>कार्यक्षेत्र</th><th>सूचक</th><th>सूचक नं</th><th>पूर्णाङ्क</th><th>कार्यसम्पादन स्थिति</th><th>छ</th><th>छैन</th><th>प्राप्ताङ्क</th><th>सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि</th><th>श्रोतहरु</th></tr>
<tr><td rowspan="8"></td><td rowspan="3">आयोजना सूचना पाटी(Project Information Board)</td><td rowspan="3">२६</td><td rowspan="3">२</td><td>रु ५ लाख वा सो भन्दा वढि लागतका सवै आयोजनाहरुको सूचना पाटी आयोजना कार्यान्वयन पूर्व आयोजना स्थलमा राखेको</td><td></td><td>✔</td><td rowspan="4">0</td><td rowspan="4">आ.व. २०६९।७० मा रु.५ लाख वा सो भन्दा माथीका आयोजना संख्या २३ भएकोमा सो मध्ये २० आयोजनामा आयोजना कार्यान्वयन पूर्व सूचना पाटी राखेको फाईलमा रहेको सूचना विबरण बाट थाहा हुन आयो । यसबाट ८६.९६ प्रतिशत प्रगति हुन आउछ । तर कुनै पनि आयोजनाको सूचना जि.वि.स.को सूचना पाटीमा टाँस गरेको छैन ।</td><td rowspan="4">आयोजनाको अभिलेख र अबलोकन ।</td></tr>
<tr><td>रु ५ लाख वा सो भन्दा वढि लागतका ७५ प्रतिशत वा भन्दा वढि आयोजनाहरुको सूचना पाटी आयोजना कार्यान्वयन पूर्व आयोजना स्थलमा राखेको</td><td>✔</td><td></td></tr>
<tr><td>रु. ५ लाख भन्दा माथिका आयोजनाहरुको नाम, स्थान, कुल लागत, लाभान्वित संख्या, शुरु मिति, सम्पन्न हुने मिति र उपभोक्ता समितिको अध्यक्षको विवरण खुल्ने सूचना पाटी जिविसमा सवैले देख्ने गरि टांस गरेको</td><td></td><td>✔</td></tr>
<tr><td colspan="6">मापन तालिकाको पहिलो र तेस्रो कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक, दोस्रो र तेस्रो कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने ।</td></tr>
<tr><td rowspan="3">Web-Site सम्वन्धी व्यवस्था</td><td rowspan="3">२७</td><td rowspan="3">३</td><td>मन्त्रालयले तोकेको ढाँचा बमोजिम IP Address राखी web-site सञ्चालनमा ल्याएको</td><td>✔</td><td></td><td rowspan="4">3</td><td rowspan="4">मंत्रालयले तोके बमोजिमको वेभसाइट ३ वर्ष अगाडि देखि संचालनमा ल्याएको भएता पनि मिति २०६९।२।७ देखि अद्यावधिक गरेको जानकारी हुन आयो । सो वेभसाइट को ठेगाना www.ddcnuwakot.gov.np रहेको छ । वेभसाइट तथा इमेल मार्फत सूचना प्रवाह गर्न कार्यक्रम अधिकृत पुस्कर शर्मा रिमाल लाई मिति २०६९।२।७ देखि जिम्मेवारि दिएको छ । सामान्य सूचना स्वयमले वेभसाइटमा राख्ने गरेता पनि वेभसाइट मिति २०७०।६।७ मा पछिल्लो पटक अध्याबधिक गरेको छ । वेभसाइटमा राख्नुपर्ने न्यूनतम १० वटा सूचनाहरुमध्ये जि.वि.स. योजना, जि.वि.स. को आयव्यय विवरण तथा न्यूनतम शर्त तथा कार्यसम्पादन मापन, जिल्लाको प्रोफाइल, नागरिक बडापत्र र संठन तालिका सा.सु.भत्ता पाउनेको विवरण, कर्मचारीहरुको विवरण आदि सूचना राखेको छ । आयोजना कार्यसंचालन तालिका, गा.वि.स. को आयव्यय विरण, गा.वि.स. को न्यूनतम शर्तको परिणाम लगायतका सूचना एवं खरिद कार्य योजना जस्ता महत्वपूर्ण अभिलेख तथा सूचना वेवसाइट मार्फत सार्वजनिकरण गर्नुपर्ने देखियो ।</td><td rowspan="4">वेभ आडे्स र अद्याबधिकको स्थिति ।</td></tr>
<tr><td>ध्भद क्ष्तभ तथा Official E-mail मार्फत सूचना प्रवाह गर्न जिम्मेवार कर्मचारी तोकेको</td><td>✔</td><td></td></tr>
<tr><td>माथि उल्लेखित सवै विवरणहरु राखी Website नियमित रुपमा अद्यावधिक गरेको</td><td></td><td>✔</td></tr>
<tr><td colspan="6">मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ )चिन्ह लागेमा ३ अंक, तेस्रो सहित कुनै दुई कोष्ठको छ मा ठिक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै दुई कोष्ठको छ मा ठीक ( ✔ )चिन्ह लागेमा ३ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने ।</td></tr>
</table>

# नुवाकोट जिल्ला विकास समितिको कार्यालयको

**जिविसको आ.व. २०७०।७१ को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | **सार्वजनिक सुनुवाई** | २८ | २ | चौमासिक अवधिमा कम्तीमा एउटा पर्ने गरी तीन पटक सार्वजनिक सुनुवाई भएको | | ✔ | 0 | नुवाकोट एफ एमबाट जिल्लाको दुई स्थानमा भएको सार्बजनिक सुनुवाईमा सरोकारवाला सबैलाई उपस्थित हुन सूचना प्रसार गरे बापत उक्त संस्थाले ०६९।७।२५ र ०६९।१२।३० मा भुक्तानी बुझिलिएको भरपाई फाईल संलग्न रहेको । सुनुवाई कार्यक्रम मिति ०६९।७।१६ मा कुमरी गाबिसको बीरेन्द्र उ.मा.बि. मा र मिति ०६९।१२।२१ मा गोर्स्याङ्ग गाबिसको शंख देबी मा.बि.मा क्रमश सहभागि संख्या ११९ र १६१ को उपस्थितिमा सम्पन्न गरेको । सुनुवाईका क्रममा उठेका मूख्य सबालमा सामाजिक सुरक्षा भत्ता, सडक निर्माण पछि अनुगमन नभएको, गाबिस भबन निर्माण हुनु पर्ने, निर्माण सम्पन्न योजनाको गुँण स्तर, र युवा स्वरोजगार कार्यक्रम बारे आदि रहेका छन् । दुबै ठाउँको प्रतिबेदन तयार गरी राखेको छ । उठेका जिज्ञासामा कुमरिमा लिखित ३३ र मौखिक ६ छन् भने गोर्स्याङ्गमा लिखित २५ र मौखिक ३ वटा । बिषयगत कुराको सम्बन्धित प्रमुखबाट प्रत्युत्तर दिएको । यी बिषय जिबिस बैठकमा पेश गरी छलफल र निर्णय नलिएको । | सो सम्बन्धी अभिलेख फाईल र प्रतिबेदन । |
| | | | | सार्वजनिक सुनुवाईमा आएका सुझाव उपर सम्वोधन भएको | ✔ | | | | |
| | | | | सार्वजनिक सुनुवाईमा आएका सुझाव र प्रतिक्रिया उपर जिविस वैठकमा छलफल तथा निर्णय भएको | | ✔ | | | |
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक, कुनै दुई कोष्ठको छ मा ठिक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक, कुनै दुई कोष्ठको छ मा ठिक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **सामाजिक परीक्षण** | २९ | २ | गत आ.व.को पहिलो चार महिनाभित्र सवै सरोकारवालाको उपस्थितीमा सामाजिक परीक्षण भएकोृज्ञे | | ✔ | 0 | तोकिए बमोजिम सामाजिक परीक्षण गर्नु पर्नेमा सो हुन गर्न नसकेको । | सम्बन्धित शाखामा काम गर्ने कार्यक्रम अधिकृतका अनुसार । |
| | | | | सामाजिक परीक्षण प्रतिवेदन तयार गरी web-site मार्फत सार्वजनिक गरेको | | ✔ | | | |
| | मापन तालिकाको दुवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक र कुनै एउटा कोष्ठको छ मा ठिक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको पहिलो कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **उपभोक्ता समितिको रकम निकासा र सार्वजनिक परीक्षण (Public Audit)** | ३० | २ | प्रत्येक उपभोक्ता समितिले प्रथम तथा अन्तिम किस्तामा लिएको रकमको वारेमा सम्वन्धित उपभोक्ताहरुलाई जानकारी गराउनु पर्ने प्रावधान सम्झौतामा उल्लेख गरेको | ✔ | | | उपभोक्ता सँगको सम्झौतामा उल्लेख भएका मूख्य बुदामा उपभोक्ताले तिर्नुपर्ने कर तिर्नुपर्ने, मर्मत संभारको ब्यवस्था गर्ने, प्रत्येक किस्तामा लिएको रकम र खर्च उपभोक्ता समक्ष सार्बजनिक गर्ने र मर्मत संभारकोलागि कोषको ब्यवस्था गर्ने आदि । नमूनाको रुपमा ०७०।२।७ गते अन्तिम किस्ता भुक्तानी भएको बागेश्वरी देखि | |
| | | | | सम्वन्धित उपभोक्ताहरुलाइ जानकारी गराएको प्रमाणको आधारमा जिविसले रकम निकासा गरेको | ✔ | | | | |
| | | | | आयोजना फरफारक गर्दा सार्वजनिक परीक्षणको प्रतिवेदन प्राप्त गरेको | | ✔ | | | |

# नुवाकोट जिल्ला विकास समितिको कार्यालयको

**जिविसको आ.व. २०७०।७१ को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| अनुगमन मूल्यांकन, सञ्चार र पारदर्शिता | मापन तालिकाको सबै कोष्ठको छ मा ठीक (✔) चिन्ह लागेमा २ अंक, कुनै दुई कोष्ठको छ मा ठीक (✔) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै दुई कोष्ठको छ मा ठीक (✔) चिन्ह लागेमा २ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | 2 | लच्याङ्ग सम्मको बाटोको अभिलेख अध्ययन गर्दा उपभोक्ता सहित अनुगमन समिति र पदाधिकारीको बैठक बसी आबस्यक सिफारिस र सुझाव लिने दिने क्रममा प्रस्तुत योजना एकै किस्तामा सम्पन्न गरेको छ। सबै पदाधिकारी सहित उपभोक्ता ४० जनाको सहभागितामा खर्च सार्बजनिक गरेको र त्यसको सिफारिस, प्राबिधिकको मूल्याङ्कनका आधारमा मात्र रकम भुक्तानी गरेकोबाट राम्रो परम्परा बसेको पाईयो। अन्य आयोजनाहरु नमूनाको रुपमा अध्ययन गर्दा सबै आयोजनाहरुमा यो प्रक्रिया अपनाएको पाईयो। तर सार्बजनिक परीक्षणको प्रक्रिया अनुरुप प्रतिबेदन प्राप्त गरेको छैन। तर उपभोक्ताहरुलाई जानकारी गराएको प्रमाण संलग्न गरी मात्र भुक्तानि गर्ने गरेको छ। | योजना शामामा रहेको सम्झौता र लेखामा रहेको भुक्तानीका अभिलेखबाट। |
| | **लैंगिक उत्तरदायी बजेट** | ३१ | २ | लैंगिक उत्तरदायी तथा समावेशी बजेट कार्यक्रम तर्जुमा गरेको | ✔ | | 2 | आ.व. २०६९।७० को लागि लैंगिक उत्तरदायी तथा समावेशी कार्यकम तर्जुमा गरी ४१७ कार्यकमको लागि वार्षिक बजेट रु.३,८०,६५,६६८। व्यवस्था गरेको छ। यो वर्ष प्रत्यक्ष र अप्रत्यक्ष दुबैमा गरि २२२ कार्यकम संचालन गरि रु ३,८०,६५,६६८। खर्च गरेको छ। फलत: लैंगिक उत्तरदायी बजेट परीक्षण बाट ५३.२४ प्रतिशत कार्य प्रगति भएको छ। त्यसरी नै पिछडिएका महिलाको सहभागिता तथा फाइदा बाँढफाँडमा न्युन देखिएको छ। साथै मंत्रालयको अनुगमन को सूचकमा यस कार्यकम पनि समावेस गर्नुपर्ने देखिन्छ।कार्यकम कार्यान्वयनमा गरेको खर्चको परीक्षण गर्न व्यक्ति तोकी परिक्षण गराउनु पर्नेमा सामाजिक विकास शाखा र जिल्ला स्थित महिला विकास कार्यालय मिलेर गरेको भन्ने मौखिक भनाइ रहेको छ। प्रतिवेदन सच्चा कामको प्रमाण हुनेहुदा यसमा लेखिएका ब्यहोरा र अंक भिडान गरि एकिन गरेर मात्र प्रतिवेदन दिने नियमित ब्यबस्था मिलाउनु पर्ने देखिन्छ। | जिबियो र प्रगति प्रतिबेदन। |
| | | | | कार्यक्रम तथा बजेट अनुरुप योजना कार्यान्वयन गरेको | ✔ | | | | |
| | | | | लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण गरेको | ✔ | | | | |
| | मापन तालिकाको सबै कोष्ठको छ मा ठीक (✔) चिन्ह लागेमा २ अंक, कुनै दुई कोष्ठको छ मा ठीक (✔) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै दुई कोष्ठको छ मा ठीक (✔) चिन्ह लागेमा २ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **अनुगमन तथा मूल्यांकन र प्रतिवेदन** | ३२ | ३ | सुपरिवेक्षण तथा अनुगमन समिति गठन भएको | | ✔ | 2 | स्रोत परिचालन पुस्तिका अनुसार सुपरिबेक्षण तथा अनुगमन समिति गठन भएको छैन। सर्ब पक्षिय २० जनाको टोलिले जिल्लाका तीन क्षेत्रका २७ गाबिसमा जिबिसले संचालन गरेको २७ योजनाको मात्र स्थलगत अनुगमन मिति ०६९।११।१ बाट सुरु गरी प्रतिबेदन मिति ०७०।३।४ मा जिबिसमा पेश गरेको छ। उक्त अनुगमन प्रतिबेदन मिति ०७०।३।५ मा बसेको बोर्ड बैठकको निर्णय नं. २ बाट छलफल | उपलब्ध अनुगमन प्रतिबेदन अभिलेखहरु |
| | | | | जिविसले कम्तीमा २० प्रतिशत गाविसहरुको स्थलगत अनुगमन गरी लिखित प्रतिवेदन पेश भएको | ✔ | | | | |
| | | | | आयोजना कार्यक्रमको नियमित अनुगमन गरी चौमासिक रुपमा प्रतिवेदन पेश गरेको | | ✔ | | | |
| | | | | गाविस तथा जिविसका आयोजना कार्यक्रमको अनुगमन प्रतिवेदन उपर जिविस वोर्डमा छलफल तथा निर्णय भएको | | ✔ | | | |

# नुवाकोट जिल्ला विकास समितिको कार्यालयको

**जिविसको आ.व. २०७०।७१ को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३ अंक, पहिलो र चौथो सहित कुनै तीन कोष्ठको छ मा ठिक चिन्ह ( ✔ ) लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३ अंक, कुनै एक कोष्ठको छ मा ठिक चिन्ह ( ✔ ) लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | भई काम कमजोरी सुधार गर्ने र आइन्दा तोकिए अनुसारको समिति गठन गरी अनुगमन कार्य गर्ने गराउने निर्णय भएको । | |
| | **आयोजनाको जाँचपास तथा फरफारक** | ३३ | २ | गत आ.व.मा संचालन भएका सवै आयोजनाहरुको सोही आ.व. भित्र फरफारक भएको | | ✔ | 2 | ०६९।७० मा संचालित आयोजना संख्या ३५७ मध्ये फरफारक भएका २७०, सबभन्दा पछि फरफारक भएको योजनामा मिति ०७०।३।२५ मा ओखरपौवा गाबिसको वडा नं. १ को जलुकेनी खा.पा. हो । उल्लेखित २७० आयोजनाको कार्य सम्पन्न भनि प्रतिबेदन प्राप्त भएको एक महिना भित्र प्राबिधिक मूल्लयांकन गराई फरफारक भएको पाईयो । पेश भएर कारबाही नभई रहेको पाईएन । यबम् क्रमले फरफारक भएका २७० आयोजना सबै सरोकारवालाहरुलाई हस्तान्तरण गरेको पनि सम्बन्धित अभिलेख अध्ययनबाट एकिन गरेको । | जाँच पास फरफारक अभिलेख अध्ययनबाट । |
| | | | | आयोजना सम्पन्न भई लिखित जानकारी प्राप्त भएको मितिले सोहि आ.व.को तीस दिन भित्र जाचपास फरफारक गरेको | ✔ | | | | |
| | | | | सम्पन्न भएका आयोजनाहरु सुसंचालनको लागि सरोकारवालाहरुलाई हस्तान्तरण गरेको | ✔ | | | | |
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक, दोश्रो र तेस्रो कोष्ठको छ मा ठिक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **आयोजना तथा कार्यक्रमहरुको प्रभाव मूल्यांकन** | ३४ | २ | तोकिएको अवधि पुरा भएका सवै आयोजनाहरुको प्रभाव मुल्यांकन गरिएको | | ✔ | 0 | तोकिए बमोजिम पूरा भएका आयोजनाहरु नभएको । | प्रमुख प्राबिधिक र योजना शाखाका पदाधिकारी सँगको कुराकानी र आयोजना बिबरण अध्ययन । |
| | | | | मुल्याकंनमा गरिवी न्यूनिकरण, उत्पादन तथा रोजगारी र पर्यावरणको क्षेत्रमा पारेको प्रभाव अध्ययन भएको | | ✔ | | | |
| | नोट : प्रभाव मूल्याँकन भन्नाले संचालित आयोजनाले त्यस क्षेत्रका जनताको दैनिक जीवनयापनमा के कस्तो परिवर्तन ल्यायो, रोजगारीको अवसर, गरिवी न्यूनिकरणको अवस्था, सेवा सुविधाहरुको पहुँचमा सुलभता लगायत त्यस आयोजनाले सामाजिक, वातावरण तथा पर्यावरणका क्षेत्रमा पारेको असर र तिनका निदानका उपाय लगायतका विषयवस्तु समेटी तयार गरिएको विस्तृत अध्ययनलाई जनाउदछ । मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक, कुनै एक कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **सामाजिक सुरक्षा कार्यक्रम** | ३५ | ३ | चालु आ.व.मा सामाजिक सुरक्षा भत्ता पाउनेहरुको अद्यावधिक विवरण गत आ.व.को माघ मसान्त सम्म मन्त्रालयमा पठाएको | ✔ | | 2 | आ.व. २०७०।७१ मा सामाजिक सुरक्षा भत्ता पाउने ६१ गा.वि.स. को विवरण मन्त्रालयमा मिति २०६९।१०।२२ च.नं. १०८२ बाट हुलाक मार्फत पठाएको देखिन्छ । सो विवरण अनुसार ७ समुहको कूल २७,९२९ जना ले भत्ता पाउने छन । लगत कट्टाको चौमासिक तथा वार्षिक विवरण मन्त्रालयमा पठाउनुपर्नेमा मिति २०७०।६।१७ मा च.नं.४३६ बाट आ.व.२०७०।७१ कोप्रथम चौमासिक विबरण र पेश्की को अनुसूचि साथ पठाएको भनिएकोमा उक्त चलानि बाट सो ष्पस्ठ हुन सकेन । भत्ता वितरणको लागि दिईएको पेश्की मध्ये म्याद भित्र फछर्यौट हुन नसकेको पेश्की रु.५,४०,९२,०००। रहेको छ । | बितरण सम्बन्धित अभिलेख,पे.फ .बिबरण । |
| | | | | प्रत्येक चौमासिक अवधिको लगत कट्टा समेत गरिएको विवरण प्रत्येक चौमासिकमा र सो को वार्षिक लगत कट्टा वाषिक प्रगति विवरणका साथ मन्त्रालयमा पठाएको | | ✔ | | | |
| | | | | नियमले तोके बमोजिमको समयभित्र पेश्की फछ्यौट भएको | | ✔ | | | |
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३ अंक, पहिलो सहित कुनै दुई कोष्ठको छ मा ठिक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३ अंक, कुनै एक कोष्ठको छ मा ठिक चिन्ह ( ✔ ) लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | [illegible] | | | व्यक्तिगत घटना दर्ता ( जन्म, मृत्य, विवाह, बसाई सराई तथा सम्बन्ध विच्छेद ) को लागि जिम्मेवार कर्मचारी तोकेको | ✔ | | | च.नं. १६१७ मिति ७०।१।२३ को पत्रानुसार क.अ. श्री नुर प्रसाद दाहाललाई घटना दर्ताकोलागि जिम्मेवार कर्मचारीको रुपमा तोकेको | |

# नुवाकोट जिल्ला विकास समितिको कार्यालयको

**जिविसको आ.व. २०७०।७१ को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | **व्यक्तिगत घटना दर्ता विवरणको अभिलेख व्यवस्थापन** | **३६** | **२** | व्यक्तिगत घटना दर्ता ( जन्म, मृत्य, विवाह, वसाई सराई तथा सम्वन्ध विच्छेद ) को मासिक रुपमा गाविस तथा नगरपालिकाबाट प्रतिवेदन प्राप्त गरी अभिलेख अद्यावधिक गरेको | ✔ | | 2 | छ। गा.बि.स. र न.पा दुबैबाट बिबरणहरु नियमित प्राप्त गरी अद्यावधिक गर्ने गरेको छ। मासिक प्रगति बिबरणहरु मन्त्रालयमा पठाएको स्थितिमा च.नं. १६३७ मिति ०६९।२।४मा स्थानीय एर फलाइट कुरिएर बाट। यसै गरी सोहि कुरियरबाट च.नं. १८५९ मिति ०६९।३।४, च.नं. २८ मिति ०६९।४।४, च.नं. २६१ मिति ०६९।५।४, च.नं. ४४८ मिति ०६९।६।५, च.नं. ६६८ मिति ०६९।७।३, च.नं. ७६२ मिति ०६९।८।५, च.नं. ८८९ मिति ०६९।९।५, च.नं. ९९६ मिति ०६९।१०।५, च.नं. ११३८ मिति ०६९।११।४, च.नं. १३१४ मिति ०६९।१२।५ र च.नं १४९१ मिति ०७०।१।७ मा बार्षिक प्रगति बिबरण पनि सोहि कुरिएरबाट पठाएको स्लिप फाईल संलग्न रहेको। पाँचवटै घटनाको बार्षिक प्रतिबेदन अनुसारको संख्यामा जन्म ११२१०, मृत्यू १५५०, बिबाह २८११, बसाइँ सराई २९५ र सम्बन्ध बिच्छेद ३१ रहेको छ। | सम्बन्धित अभिलेख रहेको फाईल अनुसार। |
| | | | | मासिक तथा वार्षिक प्रतिवेदन मन्त्रालयमा पठाएको | ✔ | | | | |
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **जिल्ला गरिवी तथा विश्लेषण प्रणाली(DPMAS) सञ्चालन** | **३७** | **१** | DPMAS सफ्टवेयर जडान गरिएको | | ✔ | 0 | यो सफ्टवेर हालसाल मात्र जडान गर्ने अबस्थामा रहेको हुँदा गरिबी विश्लेषण गरी मंत्रालय र रायोआ सचिबालयमा पठाउनेकाम भएको छैन। | शाखाका पदाधिकारी सँगको छलफल बाट |
| | | | | गरिवी विश्लेषण गरी गत आ.व. सम्मको विवरण चालु आ.व.को श्रावण मसान्त भित्र मन्त्रालय र राष्टिय योजना आयोगमा पठाएको | | ✔ | | | |
| | मापन तालिकाको दुवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै एक कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| अनुगमन मुल्यांकन, सञ्चार र पारदर्शिता कार्यक्षेत्रको जम्मा | | | | | | | 15 | उक्त कार्यक्षेत्रमा सफल भएको | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **संगठन विकास(OD)अध्ययन दण्ड र परस्कार** | **३८** | **३** | संगठन विकास (OD) अध्ययन वा संरचनागत लेखाजोखा अद्यावधिक भएको | ✔ | | | ओ.डि तयार गरी मिति ०६३ कार्तिक देखि लागु गरेको र मिति ०६७।११।३० को परिषद्को निर्णय नं. १३ बाट परिमार्जन स्वीकृत भएको। कूल कर्मचारी दरबन्दि संख्या ३२ तिन पद खाली कार्यरत | |
| | | | | कर्मचारीको कार्य विवरण (Job Description) वनाई लागू गरेको | ✔ | | | | |
| | | | | MCPM को सूचक समेतका आधारमा शाखागत रुपमा कर्मचारीहरुको जिम्मेवारी तोकेको | | ✔ | | | |

# नुवाकोट जिल्ला विकास समितिको कार्यालयको

**जिविसको आ.व. २०७०।७१ को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कार्य विवरणका आधारमा सूचक वनाई कर्मचारीहरुको मूल्यांकन गरी दण्ड र पुरस्कार प्रणाली लागू गरेको | | ✔ | 2 | २९ करारका समेत सबलाइ कार्य बिबरण दिएको । एमसिपिएम सूचकका आधारमा कर्मचारीहरुको जिम्मेवारी तोकेको छैन । दण्ड र पुरस्कार बापत अरु छुट्टै कुनै ब्यबस्था भएको छैन तर एमसिपिएम बापत प्राप्त रु १ लाख जिम्मेवारिका आधारमा ३० जना कर्मचारीलाई उपलब्ध गराएको कुरा बुझियो । | जिबसमा भएका अभिलेख अध्ययनबाट । |
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३, कुनै तीन कोष्ठको छ मा ठिक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै तीन कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३, कुनै दुई कोष्ठको छ मा ठिक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **सम्पत्ति विवरण** | ३९ | २ | निजामति सेवाका सवै कर्मचारीहरुले तोकेको समय भित्र सम्पत्ति विवरण पेश गरि निजामति किताव खानामा पठाएको | | ✔ | 0 | निजामति तर्फका चार कर्मचारीले मिति ०७०।५।९ देखि ऐजन २२ गते भित्रमा आफै किताबखानामा गई सम्पत्ति बिबरण बुझाएको अभिलेख फाईल संलग्न रहेको । गाबिस सचिबको हकमा ६१ गाबिस भएकोमा जम्मा १० जनाले मात्र म्याद भित्र बुझाएको बिबरण जिबिस संग रहेको । जिबिस तर्फका २९ कर्मचारी मध्ये १५ जनाको मात्र च.नं ३०३ मिति ०७०।५।२५ को पत्र साथ ना.सु श्री हरी प्रसाद प्याकुरेलले मन्त्रालयमा बुझाएको भनि चलानी समेतको अभिलेख पेश गरेको तर मन्त्रालयमा बुझेको भरपाई कुनै पेश हुन नआएको । | उपलब्ध अभिलेखबाट । |
| | | | | स्थानीय निकायका सवै कर्मचारीहरुले तोकेको समय भित्र सम्पत्ति विवरण पेश गरि मन्त्रालयले तोकेको निकायमा पठाएको | | ✔ | | | |
| | मापन तालिकाको दुवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक, कुनै एक कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने | | | | | | | | |
| | **गाविसको न्यूसकास मापन** | ४० | २ | तोकिएको समयमा मूल्यांकनकर्ता छनौट गरी सवै मूल्यांकनकर्तालाई अनुशिक्षण गराएको | ✔ | | 2 | गा.वि.स. ६१ को न्यूनतम शर्त कार्यसम्पादन मापनको लागि मिति २०६९।८।२८ मा १५ जना मूल्यांकनकर्ता छनौट गरी मूल्यांकनकर्तालाई मिति २०६९।९।२ मा अनुशिक्षण गराएको छ । अठारजना बाट प्राप्त प्रतिवेदनमा जि.वि.स. ले ५ गा.वि.स. बाट प्रतिकिया माग गरेकामा सवैबाट प्राप्त भएतापनि २ को चित्तबुझदो नभएको उल्लेख छ । अन्तिम प्रतिवेदन वित्तिय आयोगको सचिवालयमा मिति २०७०।२।३१ मा च.नं. १९२४ बाट पठाइ ईमेल समेत गरेको छ । सचिवालयले ५गा.वि.स.को प्रतिकिया माग गरेकोमा २ को जवाफ चित्तबुझदो नभएका उल्लेख छ । | नियुक्ति र मूल्यांकन प्रक्रिया अभिलेखको अध्ययन । |
| | | | | मूल्यांकनकर्तावाट प्रतिवेदन प्राप्त गरी प्रतिक्रिया दिएको | ✔ | | | | |
| | | | | अन्तिम प्रतिवेदन तोकिएको समयमा सचिवालयमा पठाएको | | ✔ | | | |
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **कर्मचारीहरुको बैठक** | ४१ | १ | प्रत्येक चौमासिक अवधिमा कम्तिमा एउटा पर्ने गरि वर्षमा कम्तीमा ३ वटा वैठक वसेको | ✔ | | 1 | बैठक बसेको बिबरणमा मिति ०६९।६।१, ०६९।९।२, ०६९।१०।२, ०६९।११।२ र ०७०।१।९ जम्मा पाँच वटा बैठक गरी क्रमश ३०,४४, ४५,४५, र ५१ जना कर्मचारीहरुको उपस्थिति रहेको माईनुट अध्ययन गरेको । भएका निर्णयहरुमा कर्मचारीलाई कार्य बिबरण दिने, दण्ड पुरस्कारको कुरा, फिल्डमा प्राबिधिक कर्मचारी खटन पटन र निजहरुलाई दिनु पर्ने भत्ता गाबिसबाट उपलब्ध गराउने बारे आदि छन् । अघिल्लो बेठकबाट भएका निर्णयहरु आंशिकरुपमा मात्र कार्यान्वयन भएका । | बैठको माईनुट अध्ययनबाट । |
| | | | | अघिल्लो बैठकबाट भएका निर्णयहरुको कार्यन्वयन समेत गरि आवश्यक निर्णय भएको | | ✔ | | | |
| वारी | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै एक कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |

# नुवाकोट जिल्ला विकास समितिको कार्यालयको

**जिविसको आ.व. २०७०।७१ को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| संगठन व्यवस्थापन र कार्य जिम्मे | गुनासो सुन्ने अधिकारी र सोधपुछ कक्षको व्यवस्था | ४२ | २ | सोधपुछ कक्षको स्थापना गरी कार्य संचालन गरेको | ✔ | | 0 | गत बिगत आ.ब.देखि सोधपुछ कक्ष स्थापना गरी संचालनमा रहेको छ। च.नं. १३४० मिति ०६६।२।२० को पत्रानुसार खरिदार श्री यदु कुमार धमलालाई सो कक्षमा कामकाज गर्न खटाए अनुसार कार्यरत रहेको पाईयो। च.नं.९९२ मिति ०६७।१०।१३ को पत्रबाट यो.तथा प्र.अ. श्री हिरामणी सुबेदीलाई गुनासो सुन्ने अधिकारीमा तोकिए बमोजिम कार्यरत रहेको। आ.ब. ०६९।७० मा लिखित गुनासो प्राप्त नभएको मौखिक आउने गरेको र त्यसको मौखिकै समाधान गर्ने गरेको र अभिलेख राख्ने नगरेको। | तोकेका पत्र र मौखिक पदाधिकारी सँगको कुराकानिका आधारमा। |
| | | | | गुनासो सुन्ने अधिकारी तोकेको | ✔ | | | | |
| | | | | प्राप्त गुनासोहरुको अभिलेखीकरण र सो उपर कारवाही भएको | | ✔ | | | |
| | मापन तालिकाको तीन वटै कोष्ठको छ मा ठीक(✔) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने | | | | | | | | |
| | क्षमता विकास योजना | ४३ | १ | क्षमता विकास योजना तयार गरी अद्यावधिक ( ३ वर्षमा) गरेको | | ✔ | 0 | आ.ब. ०६९।७० समेटिएको क्षमता बिकास योजना नभएको। आ.ब.०७०।७१ देखि तीन वर्षको तयार गरी ०६९।११।१७ को परिषद्को निर्णय नं. ९ बाट स्वीकृत भएको छ। क्षमता बिकास योजना नभए पनि क्षमता बिकासका केही काम भएका। | |
| | | | | क्षमता विकास योजनाका कार्यक्रम परिषदबाट स्वीकृत गरि विनियोजित वजेटको कम्तिमा ८० प्रतिशत खर्च भएको | | ✔ | | | |
| | मापन तालिकाको दुवै कोष्ठको छ मा ठीक (✔) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने। | | | | | | | | |
| | गा.वि.स.मा सामाजिक परिचालन | ४४ | २ | सामाजिक परिचालन सञ्चालन भएका गा.वि.स.का सवै वडामा वडा नागरिक मञ्च स्थापना भई क्रियाशील भएको | ✔ | | 2 | जिल्लका सबै ६१ गा.बि.स.मा सामाजिक परिचालन कार्यक्रम संचालन भएको छ र जसअनुसार प्रत्येक वडामा एउटा पर्ने गरी ५४९ वटा क्रियाशील वडा नागरिक मञ्च छन्। त्यसै गरी प्रत्येक गा.बि.स.मा एउटा पर्ने गरी ६१ वटा नागरिक सचेतना केन्द्र स्थापना भई क्रियाशील रहेको कुरा अध्ययनको क्रममा जानकारी लिईयो। गत आ.ब.को लागि स्वीकृत रु १,२८,१४,०००। शतप्रतिशत नै खर्च भएको पाईयो। उक्त आ.ब.को एकीकृत बार्षिक प्रतिबेदन मिति ०७०।४।३ मा तयार गरी पठाउनु पर्ने निकायलाई पठाई अभिलेखको रुपमा कार्यालयमा राखेको छ। जिल्लामा सामाजिक परिचालकको संख्या प्रत्येक गा. बि.स.मा एक जना पर्ने गरी ६१ जना रहेका छन्। | सो काममा खटिएका अधिकृत र अभिलेख बाट। |
| | | | | सामाजिक परिचालन सञ्चालन भएका गा.वि.स.मा कम्तिमा एउटा नागरिक सचेतना केन्द्र स्थापना भई क्रियाशील भएको | ✔ | | | | |
| | | | | सामाजिक परिचालन कार्यक्रमका लागि प्राप्त वजेट मध्ये ८०% भन्दा वढी खर्च भएको | ✔ | | | | |
| | | | | सामजिक परिचालकहरुले गरेका कार्यहरुको एकीकृत वार्षिक प्रतिवेदन तयार गरेको | ✔ | | | | |
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक (✔) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै दुई कोष्ठको छ मा ठीक (✔) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने। | | | | | | | | |

# नुवाकोट जिल्ला विकास समितिको कार्यालयको

**जिविसको आ.व. २०७०।७१ को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | **स्थानीय निकाय संयुक्त समिति** | ४५ | १ | अन्तर स्थानीय निकाय (जिल्ला/गाविस/नगरपालिका) संयुक्त समिति गठन गरेको | | ✔ | 0 | यस प्रकारका समितिहरु गठन गरेको पाईएन । | सम्बन्धित पदाधिकारीका अनुसार । |
| | | | | संयुक्त समिति क्रियाशिल भई अन्तर स्थानीय निकाय विच समन्वय भएको | | ✔ | | | |
| | मापन तालिकाको दुवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको पहिलो कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **गैर सरकारी संस्था समन्वय र परिचालन** | ४६ | ३ | गैसस समन्वयका लागि जिविसले सम्पर्क अधिकृत वा कर्मचारी तोकेको | ✔ | | 3 | च.नं. ३०७ मिति ०६९।५।२ को पत्रले कार्यक्रम अधिकृत श्री पुष्कर शर्मा रिमाललाई गै.स.स समन्वयकालागि तोकेको छ। जिल्लामा गै.स.स. दर्ता स्रख्या ६२९ त्यसमा कृयाशील गैससको संख्या १५६ र प्रोफाईल तयार भएको संख्या ९२ रहेका छन् जसअनुसार आंशिक रुपमा मात्र प्रोफाईल तयार गरेको छ। ग्त आ.ब.मा नबिकरण गर्दा प्रगति प्रतिबेदन, कर चुक्ता गरेको प्रमाण, लेखा परीक्षण गराएको अभिलेख र सिफारिस दस्तुर लिई नबिकरणको कारबाहि अगाडि बढाईने गरेको छ। गत आ.ब.मा ३२ वटा गैससले जिबियोमा रु ८,१२,६१,०००। को बजेट कार्यक्रम समाबेश गरेको र मिति ०६९।४।२९ का दिन ती सबैको जिबिसमा समीक्षा भएको अभिलेख अध्ययन गरेको। तर ती गै.स.स. हरुको कार्यक्रमको जिबिसको तर्फबाट अनुगमन गरेको भने देखिएन । | सम्बन्धित साखामा रहेका अभिलेख र संलग्न कर्मचारी सँगको छलफल । |
| | | | | जिल्लामा कृयाशिल गैससहरुको फ्रोफाईल तयार गरेको | | ✔ | | | |
| | | | | गत आ.व.मा नविकरणका लागि सिफारिस गर्दा लेखापरीक्षण प्रतिवेदन र प्रगती प्रतिवेदनका आधारमा गर्ने गरेको | ✔ | | | | |
| | | | | गत आ.व.को वजेट तथा कार्यक्रम जिल्ला विकास योजनामा समावेश भई समिक्षा समेत गरेको | ✔ | | | | |
| | | | | गत आ.व.मा संचालित जिल्ला विकास योजनामा समावेश भएका कार्यक्रमहरुको अनुगमन गरेको | | ✔ | | | |
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३ अंक, कोष्ठ , कुनै चार कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै तीन कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३ अंक, कोष्ठ , कुनै दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| संगठन व्यवस्थापन र कार्य जिम्मेवारी कार्यक्षेत्रको जम्मा | | | | | | | 10 | उक्त कार्यक्षेत्रमा सफल भएको | |

| | |
|---|---|
| कुल जम्मा | 55 |
| सफल कार्यक्षेत्रको संख्या | 5 |
| असफल कार्यक्षेत्रको संख्या | 0 |

| | | | |
|---|---|---|---|
| वित्तीय व्यवस्थापन विज्ञ : | | स्थानीय शासन विज्ञ : | |
| नाम : | | नाम : | |
| मिति: | | मिति : | |

## नुवाकोट जिल्ला विकास समितिको कार्यालयको

## जिल्ला विकास समितिको कार्यालयको आ.व. २०६९।७० को न्यूनतम् शर्त मापनको नतिजा

| क.सं | सूचक | न्यूनतम् शर्त पुरा | कैफियत |
|---|---|---|---|
| १ | वार्षिक बजेट तथा कार्यक्रम स्वीकृति | भएको | |
| २ | वार्षिक प्रगति समीक्षा | भएको | |
| ३ | वार्षिक तथा चौमासिक प्रगति प्रतिवेदन | भएको | |
| ४ | आन्तरिक लेखापरीक्षण र गाविसको अन्तिम लेखा | भएको | |
| ५ | जिल्ला विकास कोषको खाता सञ्चालन | भएको | |
| ६ | सूचना अभिलेख तथा व्यवस्थापन | भएको | |
| ७ | अन्तिम लेखापरीक्षण र बेरुजुको अभिलेख | भएको | |
| ८ | जिन्सी व्यवस्थापन | भएको | |
| ९ | कर्मचारी व्यवस्थापन | भएको | |

| पुरा भएका न्यूनतम् शर्तको संख्या | पुरा नभएका न्यूनतम् शर्तको संख्या |
|---|---|
| 9 | 0 |

## नुवाकोट जिल्ला विकास समितिको कार्यालयको

## जिल्ला विकास समितिको कार्यालयको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको नतिजा

| समूह | सूचक नं. | सूचकको नाम | पुर्णाक | प्राप्तांक | कूल अंक |
|---|---|---|---|---|---|
| योजना तथा बजेट व्यवस्थापन | १ | आयोजना प्राथमिकिकरण र छनौटका आधार | ३ | ३ | ७ |
| | २ | आयोजनाको लागत अनुमान र बजेट विनियोजन | २ | ० | |
| | ३ | आयोजनाहरुको मर्मत संभार | २ | ० | |
| | ४ | आवधिक जिल्ला विकास योजना | १ | ० | |
| | ५ | जिल्ला यातायात गुरु योजना (DTMP) र सो को कार्यान्वयन | २ | ० | |
| | ६ | उर्जा र वातावरण व्यवस्थापन | २ | २ | |
| | ७ | बहुपक्षीय जिम्मेवारीका क्षेत्रको सहभागितामुलक योजना कार्यान्वयन (Cross Cutting Sectors) | २ | ० | |
| | ८ | लक्षित समूह विकास कार्यक्रम | २ | २ | |
| | ९ | स्रोत अनुमान | २ | २ | |
| | १० | आन्तरिक आयको प्रक्षेपण र संकलन | ४ | ० | |
| | ११ | आन्तरिक आयको बाँडफाँड | २ | २ | |

| | | | | | |
|---|---|---|---|---|---|
| **स्रोत परिचालन तथा वित्तीय व्यवस्थापन** | १२ | विशेष कोषहरुको स्थापना र सञ्चालन | १ | १ | १२ |
| | १३ | आयोजना सम्झौता तथा वजेट खर्च | ३ | ३ | |
| | १४ | आर्थिक कारोवारको गुणस्तर | २ | ० | |
| | १५ | आर्थिक सहायता | १ | १ | |
| | १६ | लेखा परीक्षण र बेरुजु | ३ | ० | |
| | १७ | बेरुजु फछ्र्यौट | ३ | ० | |
| | १८ | खरीद व्यवस्थापन | ३ | ३ | |
| | १९ | धरौटी खाता संचालन | १ | ० | |
| **बजेट निकासा, खर्च र कार्यक्रम कार्यान्वयन** | २० | बार्षिक बजेट विनियोजनको खर्च | ३ | ३ | ११ |
| | २१ | लक्षित समूह विकास कार्यक्रमको खच | ३ | २ | |
| | २२ | प्रशासनिक खच | ३ | ० | |
| | २३ | कृषि तथा पशु विकास कार्यक्रम र बजेट | २ | २ | |
| | २४ | उपभोक्ता समिति गठन सम्वन्धी व्यवस्था | ३ | २ | |
| | २५ | खानेपानी तथा सरसफाई क्षेत्र व्यवस्थापन | २ | २ | |
| **अनुगमन मुल्यांकन, सञ्चार र पारदर्शिता** | २६ | आयोजना सूचना पाटी (Project Information Board) | २ | ० | १५ |
| | २७ | Web-Site सम्वन्धी व्यवस्था | ३ | ३ | |
| | २८ | सार्वजनिक सुनुवाई | २ | ० | |
| | २९ | सामाजिक परीक्षण | २ | ० | |
| | ३० | उपभोक्ता समितिको रकम निकासा र | २ | २ | |
| | ३१ | लैंगिक उत्तरदायी बजेट | २ | २ | |
| | ३२ | अनुगमन तथा मूल्यांकन र प्रतिवेदन | ३ | २ | |
| | ३३ | आयोजनाको जाँचपास तथा फरफारक | २ | २ | |
| | ३४ | आयोजना तथा कार्यक्रमहरुको प्रभाव | २ | ० | |
| | ३५ | सामाजिक सुरक्षा कार्यक्रम | ३ | २ | |
| | ३६ | व्यक्तिगत घटना दर्ता विवरणको अभिलेख व्यवस्थापन | २ | २ | |
| | ३७ | जिल्ला गरिवी तथा विश्लेषण | १ | ० | |
| **संगठन व्यवस्थापन र कार्य जिम्मेवारी** | ३८ | संगठन विकास (OD) अध्ययन दण्ड र पुरस्कार | ३ | २ | १० |
| | ३९ | सम्पत्ति विवरण | २ | ० | |
| | ४० | गाविसको न्यूसकास मापन | २ | २ | |
| | ४१ | कर्मचारीहरुको बैठक | १ | १ | |
| | ४२ | गुनासो सुन्ने अधिकारी र सोधपुछ कक्षको व्यवस्था | २ | ० | |
| | ४३ | क्षमता विकास योजना | १ | ० | |
| | ४४ | गा.वि.स.मा सामाजिक परिचालन | २ | २ | |
| | ४५ | स्थानीय निकाय संयुक्त समिति | १ | ० | |
| | ४६ | गैर सरकारी संस्था समन्वय र परिचालन | ३ | ३ | |
| **जम्मा** | | | १०० | **49** | × |

# नुवाकोट जिल्ला विकास समितिको कार्यालयको

## जिल्ला विकास समितिको कार्यालयको आ.व. २०७०।७१ को कार्यक्षेत्रगत नतिजा

| कार्यसम्पादन मापन/क्षेत्र | सूचक संख्या | अधिकतम अंक | प्राप्तांक | प्रतिशत |
|---|---|---|---|---|
| योजना तथा बजेट व्यवस्थापन | ८ | १६ | ७ | ७.० |
| स्रोत परिचालन तथा वित्तीय व्यवस्थापन | ११ | २५ | १२ | १२.० |
| बजेट निकासा, खर्च र कार्यक्रम कार्यान्वयन | ६ | १६ | ११ | ११.० |
| अनुगमन मुल्यांकन, सञ्चार र पारदर्शिता | १२ | २६ | १५ | १५.० |
| संगठन व्यवस्थापन र कार्य जिम्मेवारी | ९ | १७ | १० | १०.० |
| **जम्मा** | ४६ | १०० | ४९ | |